**आकाशवाणी समाचार- नेपाली**
**मितिः २९ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- उपराष्ट्रपति श्री सीपी राधाकृष्णन आज देखि कर्नाटक, गोवा र केरलमको तीनदिवाशीय भ्रमणमा जानुहुनेछ ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले देशबाट अवैध अप्रवासीको पहिचान गर्ने र उसलाई निर्वासित गर्ने सरकारको दृढ प्रतिबद्धता दोहोर्याउनु भएको छ।
- ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत बाह्र राज्यहरूलाई दस हजार करोड रुपियाँ जारी गर्नुभएको छ।
- केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले विद्यार्थीहरूले सामना गरिरहेका समस्याहरू समयबद्ध, पारदर्शी र विद्यार्थीमैत्री रूपमा समाधान सुनिश्चित गर्न तथा सबै आवश्यक उपायहरू अपनाउन अधिकारीहरूलाई निर्देश दिनुभएको छ
- मौसम विभागले उत्तरपश्चिम भारतका धेरै भागहरूमा लूको स्थितिमा कमि आउने सम्भावना व्यक्त गरेको छ ।

## उपराष्ट्रपति सीपी राधाकृष्णन - कर्नाटक, गोवा, केरलम यात्रा

उपराष्ट्रपति श्री सीपी राधाकृष्णन आज देखि कर्नाटक, गोवा र केरलाको तीनदिने भ्रमणमा जानुहुनेछ । उपराष्ट्रपति आज कर्नाटकको बेंगलुरुमा आर्ट अफ लिभिङ फाउन्डेसनको ४५ वर्ष पूरा भएको अवसरमा आयोजित वैश्विक समारोहमा भाग लिनुहुनेछ । उहा युनिभर्सिटी बीडीटी कलेज अफ इन्जिनियरिङ, दावणगेरे, कर्नाटकको प्लेटिनम जुबली समारोहमा पनि भाग लिनुहुनेछ ।उहा शनिबार श्री राधाकृष्णन पणजीमा गोवाको राज्य स्थापना दिवस समारोहमा भाग लिनुहुनेछ र सीएसआईआर-राष्ट्रिय समुद्र विज्ञान संस्थान, गोवाको भ्रमण गर्नुहुनेछ। ३१ मईमा, उपराष्ट्रपति श्री राधाकृष्णन ले बेलथांगडीमा सीआरआई औद्योगिक पार्कको उद्घाटन गर्नुहुनेछ र कर्नाटकको श्री क्षेत्र धर्मस्थल मञ्जूनाथ स्वामी मन्दिरको भ्रमण गर्नुहुनेछ। सोही दिन उहाले केरलाको कोट्टायममा दीपिका मलयालम दैनिकको १४० औं स्थापना दिवस समारोहको पनि उद्घाटन गर्नुहुनेछ।

## केंद्रीय गृह मंत्री अमित शाह - दृढ़ प्रतिबद्धता

केन्द्रीय गृहमन्त्री अमित शाहले देशबाट अवैध अप्रवासीको पहिचान गर्ने उसलाई निर्वासित गर्ने सरकारको दृढ प्रतिबद्धता दोहोर्याउनु भएको छ। उहाँले हिज गान्धीनगर लोकसभा क्षेत्रमा ३४० करोडको विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गरेपछि जनसभालाई सम्बोधन गर्दै भन्नुभयो, "सरकार सीमा सुरक्षित गर्न र देशमा अवैध अप्रवासनको अन्त्य गर्न प्रतिबद्ध छ। गृहमन्त्री श्री शाहले सीमा सुरक्षा बललाई एक हप्ताभित्र ६सय हेक्टर जमिन दिएकोमा पश्चिम बंगाल सरकारलाई बधाई दिनुभएको छ । वीर सावरकरको जन्मजयन्तीका अवसरमा श्री शाहले मातृभूमिप्रति वीरको सर्वोच्च त्याग, समर्पण र अमूल्य योगदानको स्मरण गर्नुभएको छ । श्री शाह गुजरातको तीन दिवशीय भ्रमणमा हुनुहुन्छ।

1-**Byte अमित शाह**

## प्रधान मन्त्री - जनजातीय सुरक्षा मञ्च

प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा जनजातीय सुरक्षा मञ्चका प्रतिनिधिहरूसँग भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले भन्नुभयो, आदिवासी समुदायप्रति उनीहरूको समर्पण साँच्चै प्रशंसनीय छ। बैठकमा आदिवासी समुदायको विकास र सशक्तीकरणसँग सम्बन्धित विभिन्न विषयमा सार्थक चर्चा भएको उहाले बताउनुभयो ।

## केन्द्रीय गृहमन्त्री -राष्ट्रमण्डल खेल-समीक्षा

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज राष्ट्रमण्डल खेल र अहमदाबादमा आयोजना हुने प्रस्तावित ओलम्पिकको तयारीको समीक्षा गर्न बैठक गर्नुभयो। बैठकमा केन्द्रीय खेल मन्त्री मनसुख मंडाविया, गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेल, उपमुख्यमन्त्री हर्ष संघवी र वरिष्ठ अधिकारीहरू उपस्थित थिए। एक सामाजिक सञ्जाल पोस्टमा श्री शाहले भन्नुभयो, नरेन्द्र मोदी

सरकारले भारतमा विश्वस्तरीय खेल बुनियादी ढाचा बिकास र अत्याधुनिक प्रशिक्षण सुविधाहरूको विस्तार गर्दैछ। अहमदाबादमा प्रस्तावित विश्वस्तरीय खेल कार्यक्रमहरूलाई ध्यानमा राख्दै, खेल सुविधाहरू वैश्विक मापदण्ड अनुसार विकास गरिएको छ। अहमदाबादले २०३० को राष्ट्रमण्डल खेलहरूको आयोजना गर्नेछ र २०३६ ओलम्पिकको लागि आधिकारिक रूपमा दावेदारी पेश गरेको छ।

**ग्रामीण विकास मन्त्री- प्रधान मन्त्री आवास योजना-ग्रामीण**

ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले आज भिडियो कन्फरेन्सको माध्यमबाट प्रधान मन्त्री आवास योजना-ग्रामीण अन्तर्गत बाह्र राज्यहरूलाई दस हजार करोड रुपियाँ जारी गर्नुभयो। यस अवसरमा श्री चौहानले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदी यो सुनिश्चित गर्न प्रतिबद्ध हुनुहुन्छ कि देशका कुनै पनि गरिब मानिस कच्चा घरमा बस्नु हुँदैन। उहाँले भन्नुभयो, प्रधान मन्त्री आवास योजना-ग्रामीण अन्तर्गत 4.95 करोड घरहरूको लक्ष्यको तुलनामा तीन करोड 91 लाख घरहरू स्वीकृत भइसकेका छन्। श्री चौहानले भन्नुभयो, तीन करोडभन्दा अधिक घरहरूको निर्माण कार्य पूरा भइसकेको छ। उहाँले अझ भन्नुभयो, केन्द्र सरकार विभिन्न कल्याणकारी योजनाहरूको साथ अभिसरण मार्फत ग्रामीण परिवारहरूको जीवनस्तर सुधार गर्न निरन्तर काम गरिरहेको छ।

2-Byte शिवराज सिंह चौहान

**विदेश मंत्री डॉ. एस. जयशंकर - साइप्रस -राष्ट्रपति**

विदेश मन्त्री डा. एस जयशंकरले साइप्रसमा त्यहाका राष्ट्रपति निकोस क्रिस्टोडुलाइड्ससँग हिज भेट गर्नुभयो। यस अवसरमा दुवै पक्षबीच पश्चिम एसियाको बदलिदो स्थिति र भूमध्यसागरमा भारतको हित विषयमा चर्चा भएको डा. जयशंकरले सोशियल मिडिया पोष्टमा बताउनु भएको छ । उहाँले साइप्रसका राष्ट्रपतिको हालै भएको भारत भ्रमणका क्रममा दुई देशबीचको साझेदारीलाई नयाँ स्तरमा पु¥याएको बताउनुभयो । श्री जयशंकरले साइप्रसको जिम्निचमा ईयूका विदेश मन्त्रीहरूको अनौपचारिक बैठकमा पनि सार्थक चर्चा गर्नुभयो। उहाले युरोपीय संघ र भूमध्यसागरीय देशहरूसँग भारतको सम्बन्धलाई पुष्टी गरेको छ ।

**केन्द्रीय शिक्षा मन्त्री- सीबीएसई- समीक्षा**

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले हिज नयाँ दिल्लीस्थित सीबीएसई मुख्यालयमा सीबीएसई कक्षा १२ को परीक्षाको मूल्याङ्कन र परिणाम पछिको प्रक्रियासँग सम्बन्धित मुद्दाहरूको समीक्षा गर्न उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा मन्त्री श्री प्रधानले विद्यार्थीहरूले सामना गरिरहेका समस्याहरू समयबद्ध, पारदर्शी र विद्यार्थीमैत्री रूपमा समाधान सुनिश्चित गर्न सबै आवश्यक उपायहरू अपनाउन अधिकारीहरूलाई निर्देश दिनुभयो।

3-Byte-धर्मेन्द्र प्रधान

**पश्चिम एशिया - एयर इंडिया**

मध्य पूर्वमा जारी भूराजनीतिक अनिश्चितताहरुका बीचमा, एयर इन्डियाले इजरायलको लागि आफ्नो उडानहरूको निलम्बन सीमा जुलाईको अन्त्यसम्म बढाएको छ। यसअघि एयरलाइन्सले तेल अभिव–दिल्ली रुटमा जुन महिनाको अन्त्यसम्मका लागि उडान स्थगित गरेको थियो । एयर इन्डियाका एक वरिष्ठ अधिकारीले यस क्षेत्रको बर्तमान स्थितिलाई मध्यनजर गर्दै यस्तो निर्णय लिइएको बताएका छन् ।

रूस - **अंतरराष्ट्रीय सुरक्षा मंच** - राष्ट्रीय सुरक्षा सलाहकार

रुसमा आयोजित अन्तर्राष्ट्रिय सुरक्षा मञ्चलाई सम्बोधन गर्नुहुदै राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले आतङ्कवादविरुद्ध निर्णायक कारबाहीको आवश्यकतामा जोड दिनुभएको छ । मस्कोमा आयोजित बैठकमा श्री डोभालले भन्नुभयो - 'जिम्मेवार देशहरूले आतंकवादलाई बढावा दिनेहरूलाई समर्थन गर्ने वा उनीहरूविरुद्ध कठोर कारबाही गर्ने निर्णय

गर्नुपर्नेछ। उहाले पश्चिम एशियाको स्थितिलाई उल्लेख गर्नुहुदै स्ट्रेट अफ होर्मुज र लाल सागर जस्ता अन्तर्राष्ट्रिय समुद्री मार्गहरूमा व्यापारको सुरक्षित र निर्बाध आवागमन सुनिश्चित गर्नमा पनि जोड दिनुभएको छ।

**भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण- एनएचएआई**

भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण -एन.एच.ए.आई.ले वित्त वर्ष 2026-27 को अवधिमा मुद्रीकरणको लागि राष्ट्रिय राजमार्गहरूको प्रस्तावित खण्डहरूको अस्थायी सूचीलाई अन्तिम रूप दिएको छ। सडक परिवहन तथा राजमार्ग मन्त्रालयले पहिचान गरिएका राष्ट्रिय राजमार्गको कुल लम्बाइ एक हजार छ सय उनसठ किलोमिटरभन्दा अधिक रहेको जनाएको छ। यी राज्यहरू हरियाणा, झारखण्ड, कर्नाटक, राजस्थान, तमिलनाडु, तेलंगाना, उत्तर प्रदेश, बिहार र महाराष्ट्र गरी नौ राज्यहरूमा फैलिएका छन्।

कोयला एवं खान मंत्री जी. किशन रेड्डी

कोइला र खानी मन्त्री जी. किशन रेड्डीले भन्नुभएको छ -कोइला देखि ग्याँस बनाउने योजना देशको औद्योगिक र आर्थिक रूपान्तरणको एक प्रमुख स्तम्भको रूपमा देखा परेको छ, । नयाँ दिल्लीमा सतही कोइला र लिग्नाइटबाट ग्यास बनाउने परियोजनाहरूको प्रोत्साहन गर्ने एक रोड शोलाई सम्बोधन गर्नुहुदै श्री रेड्डीले भन्नुभयो, प्रधान मन्त्री नरेन्द्र मोदीको नेतृत्वमा दे

**मौसम**

मौसम विभागले उत्तरपश्चिम भारतका धेरै भागहरूमा लूको स्थितिमा कमि आउने सम्भावना व्यक्त गरेको छ । मौसम विभागका वैज्ञानिक डा. अखिल श्रीवास्तवले आगामी तीन दिनमा पञ्जाब, हरियाणा, उत्तर प्रदेश र मध्य प्रदेशका मानिसहरुले लूको स्थितिबाट आराम पाउने बताउनु भएको छ ।
श आत्मनिर्भरता र सुरक्षित ऊर्जा पारिस्थितिकी तंत्र तर्फ अघि बढिरहेको छ।